भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
.....................शाखा

खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश,नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) ५ नं. प्रदेश, नेपाल २०७३

प.सं. (प्रशासन) २०७७/७८
च.नं. : ५२६

मितिः २०७७/०५/२९

**विषयः कर्मचारीले पालन गर्नुपर्ने आचारसंहिता सम्बन्धमा।**

**श्री विषयगत शाखा/इकाई/सेवा केन्द्रहरु,**
**श्री वडा कार्यालय सबै,**
**श्री स्वास्थ्य केन्द्रहरु सबै।**

प्रस्तुत विषयमा यस कार्यालयबाट बिभिन्न समयमा छड्के अनुगमन हुँदा यस गाउँपालिका अन्तर्गतका विषयगत शाखा/इकाई/सेवा केन्द्र/स्वास्थ्य चौकी/वडा कार्यालयहरुमा कार्यरत सबै कर्मचारी (स्थायी/अस्थाई/करार) हरुले तोकिएको पोशाक र समयको पालना नगरेको पाईएको छ। कार्यालय समयमा अनिवार्य रुपमा कर्मचारी पोशाक र परिचयपत्र धारण गरेर मात्र उपस्थित हुन र कार्यालय समयमा अत्यावश्यक कामले बाहिर रहनु परेमा लगबुकमा जनाउने व्यवस्था अवगत नै छ। सोही बमोजिम कर्मचारी हाजिरी पुस्तिकामा आएको र गएको खुल्ने गरी हाजिरी गर्नुहुन र व्यक्तिगत तथा कार्यालयको कामकाजमा कार्यालय बाहिर जानुपर्ने अवस्थामा कार्यालय प्रमुखबाट अनुमति तथा बिदा/काज स्वीकृत गराएर र अत्यावश्यक परेको बखत लगबुक स्वीकृत गरेर मात्र कार्यालय छोड्न जानकारी गराइन्छ। कार्यालयमा जानकारी नगराई कार्यालय छोड्दा सार्वजनिक सेवा प्रवाहमा नकरात्मक असर पर्ने, कर्मचारी कार्यकक्षमा नहुने गरेको जनगुनासो आउने साथै कर्मचारी पोशाक तथा परिचयपत्र नलगाउँदा सेवाग्राही र सेवा प्रदायकबीच पहिचान हुन नसकी सेवाग्राहीमा अन्यौलता हुने भएकोले सवैले आचारसंहितालाई पूर्ण रुपमा पालना गरी राष्ट्र सेवक कर्मचारीको साख जोगाउनु हुने छ भन्ने विश्वास गरिएको छ। यो सूचनालाई अटेर गरेमा कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ।

...................................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत